का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ माघ २०७९,
बुधबार
1 February 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सत्तारुढमा खटपट

चुनावी गठबन्धन बदलेर बनेको सात दलीय सत्ता साझेदार दलहरुका बीचमा दुई महिना नहुँदै खटपट शुरु भएको छ । यसको केन्द्रमा छन् राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र गृह मन्त्रालय ।





गृहमन्त्री रास्वपाले पाइसकेको विषय हो । गृहमन्त्रीको नाम पठाउनुस् भनिसकेको स्थिति पनि छैन । हामीलाई गृहमन्त्री दिने कुरामा प्रधानमन्त्री अलमलमै हुनुहुन्छ ।

**■ मुकुल ढकाल**
महामन्त्री, रास्वपा



सरकार निर्माण गर्दा जे समझदारी हो, त्यही नै कार्यान्वयन हुनुपर्छ । गृहमन्त्रालयको कुरामा अन्यथा कुरा भन्ने छैन । तर, अब के गर्ने प्रधानमन्त्रीको कुरा हो ।

**■ केपी ओली**
अध्यक्ष, एमाले



हामी सल्लाह गर्दैछौं । सकेसम्म गृह मन्त्रालयका कारण सत्ता गठबन्धन नटुटोस् भन्ने मेरो कोशिस छ ।

**■ प्रचण्ड**
प्रधानमन्त्री

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १७ माघ ।

सात दलीय सत्ता गठबन्धनका बीचमा खटपट देखा परेको छ । वर्तमान गठबन्धन भत्काएर नयाँ गठबन्धन बनाउने प्रयासमा शुरु देखि नै संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस छ । नयाँ गठबन्धनलाई जोगाएर प्राप्त अवसरको सदुपयोग गरिराख्ने प्रयासमा संसदको ठूलो दल नेकपा एमाले छ। तेस्रो दल माओवादी केन्द्र कांग्रेस र एमाले जोसँग मिलेर भएपनि आफूलाई सत्ताको केन्द्रमा राखिराख्न चाहन्छ। यही चाहना अनुसार पुष्पकमल दाहाल प्रचण्ड चुनावी गठबन्धन तोडेर प्रधानमन्त्री बने । चुनावमा कांग्रेस नेतृत्वमा माओवादी, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी, राष्ट्रिय जनमोर्चा गठबन्धनमा थिए । चुनावी गठबन्धनबाट प्रधानमन्त्री दिन कांग्रेस तयार नभएपछि माओवादी अध्यक्ष प्रचण्ड एमाले नेतृत्वमा नयाँ गठबन्धन बनाएर प्रधानमन्त्री बने। वर्तमान सत्ता साझेदार दलहरु हुन- एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)। तर, चुनावी गठबन्धन बदलेर बनेको सात दलीय सत्ता साझेदार दलहरुका बीचमा दुई महिना नहुँदै खटपट शुरु भएको छ। यसको केन्द्रमा छन् राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र गृह मन्त्रालय।

रवि लामिछाने नागरिकता विवादमा पदच्युत भए । सरकार बनाउँदा गृहमन्त्रालय रास्वपाले पाएको थियो । गृहमन्त्रीबाट हटेका रवि लामिछाने पुनः गृहमन्त्री बन्न चाहन्छन् । तर, उनी गैर सांसदको रुपमा मन्त्री बन्नुपर्नेछ। उनी निर्वाचित चितवन निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसले उपचुनाव लक्षित चुनावी गतिविधि नै बढाइसकेको छ । यो अवस्थामा गृहमन्त्री भएर चुनाव लड्न चाहन्छन् लामिछाने । तर, सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्र र स्वयम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड गृहमन्त्री आफ्नै पार्टीबाट बनाउन चाहन्छन्। यो रस्साकस्सीले सत्ता साझेदार दलहरुका बीचमा खटपट पैदा गरेको हो ।

मंगलबार मात्रै रास्वपाका सभापति लामिछानेले प्रधानमन्त्री प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग छुट्टाछुट्टै भेट गरे। बिहान प्रधानमन्त्रीसँग भएको भेटपछि आन्तरिक पार्टी र अन्तर पार्टी छलफल गरेर लामिछाने साँझ एमाले अध्यक्ष ओलीलाई भेट्न उनकै निवास बालकोट पुगे। नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्डले गठबन्धन टुटाउने आफ्नो मनसाय नरहेको तर, गृहमन्त्रालय आफैंले राख्न चाहेको प्रष्ट भनेका छन्। यसको संकेत प्रधानमन्त्री प्रचण्डले माओवादी केन्द्रको पदाधिकारी बैठकपछि गरे। उनले सञ्चारकर्मीसँग भनेका छन्, 'हामी सल्लाह गर्दैछौं। सकेसम्म गृह मन्त्रालयका कारण यो (गठबन्धन) नटुटोस् भन्ने मेरो कोशिस छ।' पार्टीको पदाधिकारी बैठकमा रवि लामिछानेको नागरिकता विवादमा सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ नआएसम्म गृहमन्त्रालयबारे निर्णय नलिन सुझाव आएको समेत प्रचण्डले बताए ।

उसैगरी एमाले अध्यक्ष ओलीले रास्वपाले गृहमन्त्रालय पाएकाले त्यस सहमति अनुसार नै जानुपर्नेमा आफू दृढ रहेको सन्देश लामिछानेलाई दिएका छन्। नेताहरुका अनुसार लामिछानेसँगको भेटमा ओलीले भनेका छन्, 'सरकार निर्माण गर्दा जे समझदारी हो, त्यही नै कार्यान्वयन हुनुपर्छ। गृहमन्त्रालयको कुरामा अन्यथा कुरा भन्ने छैन्। तर, अब के गर्ने प्रधानमन्त्रीको कुरा हो।'

रविसँगको भेटमा ओलीसँगै एमाले उपाध्यक्ष विष्णु पौडेल पनि सहभागी भएका थिए ।

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीको बिपरित तर, प्रष्ट सन्देश पाएका लामिछानेले ठोस निर्णय लिन सकिरहेका छैनन्। तर लामिछानेले लिने निर्णयले सत्ता गठबन्धन अहिलेकै कायम रहने

– बाँकी पृष्ठ २ मा

भ्रष्टाचार सूचकांक

## नेपालको अवस्था केही सुधार




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ माघ ।

भ्रष्टाचार सूचकांकमा नेपालको स्थान सुधारोन्मुख देखिएको छ। तर छिमेकीद्वय चीन र भारत मात्रै होइन, भुटान, माल्दिभ्स र श्रीलङ्काको तुलनामा नेपालको अवस्था निकै खराब देखिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) ले मंगलवार सार्वजनिक गरेको करप्सन परसेप्सन इण्डेक्स (सीपीआई) २०२२ भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल ११०औँ स्थानमा रहेको छ। सिपिआई २०२२ मा नेपाललाई १०० मा ३४ अंक (११) औँ स्थान दिइएको छ। सन् २०२१ मा ११७ औँ मा रहेकोमा नेपालले सुधार गर्दै २०२२ मा ११० औँ स्थानमा रहेको हो । । (सीपीआई ) २०२१ मा नेपालको अंक ३३ (११७औँ स्थान) रहेको थियो । नेपालको अंकमा अघिल्लो वर्षको तुलनामा सामान्य सुधार भएको छ। तर केही सुधार भए तापनि भ्रष्टाचारव्याप्त मुलुकहरूको श्रेणीमै कायम रहेको छ।

यस वर्ष सूचकांकमा डेनमार्क ९० अंक प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक र सोमालिया १२ अंक प्राप्त गरी सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा सूचीकृत भएका छन्।

यस सूचकांकमा १०० अंकले अति स्वच्छ र ० अंकले अति भ्रष्ट जनाउँछ। ५० भन्दा

– बाँकी पृष्ठ २ मा

### सूचकांकमा दक्षिण एसियाली देश

- भुटान (६८ अङ्क) २५औं,
- माल्दिभ्स (४० अङ्क) ८५औं,
- भारत (४० अङ्क) ८५औं,
- श्रीलङ्का (३६ अङ्क) १०१ औं,
- नेपाल (३४ अङ्क) ११० औं,
- पाकिस्तान (२७ अङ्क) १४० औं,
- बाङ्लादेश (२५ अङ्क) १४७ औं,
- अफगानिस्तान (२४ अङ्क) १५० औं

भ्रष्टाचार सूचकांकमा नेपालको स्थान सुधारोन्मुख देखिए पनि छिमेकीद्वय चीन र भारत मात्रै होइन, भुटान, माल्दिभ्स र श्रीलङ्काको तुलनामा नेपालको अवस्था निकै खराब देखिन्छ ।

वैदेशिक रोजगार विशेष

### दिनभर काम नगर्ने राति-राति एप्रुभल दिने कर्मचारीलाई श्रममन्त्रीको कडा निर्देशन

## 'कार्यालय समयभन्दा बाहिर श्रम स्वीकृति प्रदान गर्ने कार्य तुरुन्त बन्द गर्नू'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचलका कर्मचारीलाई कार्यालय समयभन्दा बाहिर श्रम स्वीकृति प्रदान गर्ने कार्य बन्द गर्न निर्देशन दिएका छन् । मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मध्यान्ह दैनिकको प्रश्नको जवाफमा मन्त्री अर्यालले उक्त जानकारी दिएका हुन् ।

मन्त्री अर्यालले भने, 'कार्यालय समयमा काम नगर्ने र कार्यालय समयभन्दा बाहिर गएर राति अबेरसम्म श्रम स्वीकृति प्रदान गर्ने गरेको आफूले पनि सुनेपछि मंगलबारदेखि नै कार्यालय समयभन्दा बाहिर गएर श्रम स्वीकृति दिनु नैतिकताको दृष्टिकोण 'इथिकल्ली' पनि गलत हो भनेर निर्देशन दिएको छु।'

मंगलबार मन्त्री अर्यालले मन्त्रालयका उच्च अधिकारीहरूसँग वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचलको निरीक्षण गरेका थिए । मन्त्री अर्यालले भने, 'कार्यालय समयभित्र काम गर्न कति कर्मचारी र भौतिक साधन श्रोतका खाँचो छ, विवरण पठाउनुहोस् मन्त्रालयले तत्काले परिपूर्ति गर्नेछ, तर कर्मचारीको अभावजस्ता कारण देखाएर राति काम गर्ने वातावरण बन्द गर्नुपर्ने निर्देशन दिएकु छु।'



पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरूले अनलाइन प्रणालीबाट पूर्व तथा अन्तिम श्रम स्वीकृति दिने व्यवस्था भएपनि कर्मचारीहरूले ढिलाइ गरेर रकम बार्गेनिङ गर्ने गरेको

– बाँकी पृष्ठ २ मा

### हुण्डी गर्ने बाध्यता हटाइदिन एनआरएनए मकाउको माग

काठमाडौं/मस- गैर आवासीय नेपाली संघ (एनआरएनए) मकाउले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग रेमिट्यान्स कम्पनी स्थापना गरी हुण्डी प्रयोग गर्ने बाध्यता हटाइदिन माग गरेको छ। मंगलबार प्रधानमन्त्री प्रचण्डलाई पाँच बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै एनआरएनए मकाउले उक्त माग गरेको हो ।

मकाउमा पेशा, व्यवसाय र वैदेशिक रोजगारी गर्ने नेपालीले पैसा पठाउने वैधानिक च्यानल 'रेमिट्यान्स कम्पनी' नहुँदा हुण्डीको प्रयोग गर्न बाध्य भएको एनआरएनए मकाउको भनाइ छ । एनआरएनए मकाउले सरकारी पहलमा मकाउमा

– बाँकी पृष्ठ २ मा

### कतार सरकारले एक वर्ष बढायो हय्या कार्डको अवधि

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ माघ

विश्वकप सकिएको करिब डेढ महिनापछि कतार सरकारले 'हय्या कार्ड'को वैध रहने अवधि बढाएको छ । विश्वकप हेर्ने दर्शकका लागि व्यवस्था गरिएको हय्या कार्डको म्याद थप एक वर्ष बढाएको कतारको आन्तरिक मन्त्रालयले सूचना जारी गर्दै जनाएको छ । अब 'हय्या कार्ड' भएका विदेशी नागरिकहरू २४ जनवरी २०२४ सम्म कतार प्रवेश गर्न पाउनेछन्।

हय्या कार्ड बहुप्रवेशी (मल्टिपल) भिसा कार्ड हो। यद्यपि कतार प्रवेश गर्न हय्या पोर्टलबाट स्वीकृति

– बाँकी पृष्ठ २ मा

## नर्सलाई रोजगारीकै पीर

लाखौं खर्च गरेर पढेका नर्सहरु रोजगारी नपाएर विदेश जान बाध्य छन् । सरकार अनुगमन र आश्वासनमा मात्रै सीमित हुँदा उनीहरुका समस्या ज्यूँकात्यूँ छ ।



स्वास्थ्य मन्त्रालयले निर्देशन दिएपछि अस्पतालहरूले नर्सहरूको तलब खातामा ठूलो रकम पठाए । तर, भोलिपल्टै उक्त पैसा फिर्ता गर्न लगाए । बैंकको स्टेटमेन्टमा त पैसा देखियो, तर उनीहरूले पैसा नपाएको अवस्था छ ।

**■ मनकुमारी राई**
अध्यक्ष, नेपाल नर्सिङ्ग संघ

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ माघ ।

सबैले सम्मान गर्ने पेशा, राम्रो आम्दानी र लाईफ सेटल हुने आशा सहित बानेश्वरकी दीपा कोईरालाले नर्सिङ्ग पूरा गरिन् । लाखौं खर्च र ऋण समेत लगाएर पढाई पूरा गरेकी दीपा जब जागिरको खोजीमा लागिन्, तब उनलाई छाँगाबाट खसेजस्तै भयो । उनलाई एउटा हस्पिटलले १० हजार तलब दिएर काममा राख्छु भन्यो । उनलाई लागेको थियो, राम्रो तलबसहित भन्ने बित्तिकै काम पाइन्छ । तर, जब उनले इर्न्टनमा त्यो पनि एकदमै न्यून तलबमा काम लगाईन्छ भन्ने बुझिन् त्यसपछि भने उनी हाल विदेशमा जाने तयारीमा रहेको बताउँछिन् ।

नेपालमा दीपा जस्तै लाखौं खर्च गरेर कडा मिहिनेतका साथ पढेका कैयौं नर्सहरु पेशा बदल्नुपर्ने अवस्थामा छन् । हजारौंको संख्यामा नर्सहरु बेरोजगार रहेको तथ्यांकहरु बेला बेलामा सार्वजनिक हुने गरेका छन् । तर, सरकारले आश्वासन बाँड्न भने छोडेको

– बाँकी पृष्ठ २ मा

### ■ मापदण्ड अनुरुप नर्सको अभाव

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार जनरल वार्डमा १ नर्सले ४ देखि ६ जना बिरामी हेर्नुपर्ने हुन्छ । सुत्केरी वार्डको एउटा बेडमा २ जना नर्स आवश्यक

– बाँकी पृष्ठ २ मा

# स्ववियु निर्वाचन : कार्यतालिका प्रकाशनको सातासम्म मात्र भर्ना



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी (स्ववियु) निर्वाचनको कार्यतालिका प्रकाशन गरेको एक हप्तासम्म मात्र विद्यार्थीले भर्ना गर्न पाउने भएका छन्। त्रिविले तयार पारेको स्ववियु निर्वाचनको आचारसहिंतासम्बन्धी प्रस्तावित निर्देशिका, २०७९ मा कार्यतालिका प्रकाशन गरेको सातासम्म स्नातक तह प्रथम वर्षमा भर्ना हुने पाउने र त्यसपछि भर्ना बन्द गरिने उल्लेख गरिएको छ। त्रिविले आगामी चैत ५ गते स्ववियु निर्वाचन गर्ने निर्णय गरेको छ। निर्वाचनको कार्यतालिका भने प्रकाशन गर्न बाँकी छ।

त्रिविका देशभरिका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा स्ववियु निर्वाचन हुँदैछ। त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक तथा समितिका सदस्य सचिव पशुपति अधिकारीले प्रस्तावित निर्देशिकाबारे विद्यार्थी सङ्गठनहरुसँग छलफल गरिसकेको बताए। उनका अनुसार विद्यार्थी सङ्गठनले कार्यतालिका प्रकाशन गरेपछि तीन दिन मात्र भर्ना गर्नुपर्ने सुझाव दिएका छन्।

प्रस्तावित निर्देशिका स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिले तयार पारेको हो। दोस्रो, तेस्रो र चौथो वर्ष एवं दोस्रो सेमेष्टरदेखि अन्तिम सेमेष्टरको भर्नाबारे भने क्याम्पसले नै तोकेर व्यवस्था गर्न सकिने निर्देशिकामा उल्लेख छ। तर सेमेष्टर प्रणालीमा सञ्चालित कार्यक्रममा प्रवेश परीक्षा उत्तिर्ण गरिसकेका कोटाभित्र प्रथम सेमेष्टर भर्ना हुनेको हकमा भने मतदातासूची प्रकाशित हुने मितिभन्दा दुई दिन अघिसम्म भर्ना गर्न पाइने व्यवस्था गरिएको छ। निर्देशिकामा एक तह अध्ययन गरी उत्तिर्ण गरिसकेपछि पुनः सोही तहमा भर्ना हुन नपाउने र भए पनि उम्मेदावर हुन नपाइने व्यवस्था गरिएको छ। तर विषय परिवर्तन गरी भर्ना भई उम्मेदवार भने हुन पाइने व्यवस्था गरिएको छ त्रिविमा २८ वर्ष उमेर हद र मिश्रित निर्वाचन प्रणालीअन्तर्गत निर्वाचन गर्न लागिएको हो। निर्देशिकामा २०५१ चैत १८ गते जन्ममिति र सोभन्दापछि जन्मेका विद्यार्थी उम्मेदवार हुन पाउने व्यवस्था गरिएको छ। निर्देशिकामा स्ववियु निर्वाचनमा कुनै संघ, सङ्गठन वा समूहले समानुपातिकतर्फ मात्र सहभागी हुनसक्ने जनाइएको छ। स्ववियुको अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष र सहायक सचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालबाट चयन हुने छन्। निर्देशिकामा स्ववियु कार्यसमिति दुई सय विद्यार्थी बराबर ११, २०१ देखि एक हजारसम्म विद्यार्थी भए १५, एक हजार एकदेखि तीन हजारसम्म भए १९ तथा तीन हजार एकदेखि बढी विद्यार्थी भए १९ जनाको कार्यसमिति हुने व्यवस्था छ।

## सत्तारूढमा...

कि नयाँ बन्ने तय हुने नेताहरु बताउँछन्। रास्वपाका पार्टी महामन्त्री तथा प्रवक्ता मुकुल ढकाल ठूला दलहरुको निर्णय र प्रधानमन्त्रीको कदमका आधारमा आफूहरु अगाडि बढ्ने बताउँछन्। उनी थप्छन्, 'गृहमन्त्री रास्वपाले पाइसकेको विषय हो। गृहमन्त्रीको नाम पठाउनुस् भनिसकेको स्थिति पनि छैन,' ढकालले भने, 'प्रधानमन्त्रीले हामीलाई गृहमन्त्री दिने भनेपछि व्यक्तिबारे निर्णय गर्छौं। तर, प्रधानमन्त्री अलमलमै हुनुहुन्छ।'

## भ्रष्टाचार...

कम अंक (स्कोर) प्राप्त भएमा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा मानिने गरिएको छ। यस वर्षको औसत अंक ४३ रहेको र विश्वका दुईतिहाई मुलुकमा भ्रष्टाचार गम्भीर समस्याको रूपमा रहेको उल्लेख गरिएको छ।

सन् २०२२ मा विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेशन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भी-डीईएम सहित ६ वटा संस्थाद्वारा प्रकाशित सर्वेक्षणका आधारमा सीपीआई सार्वजनिक गरिएको टीआई नेपालकी अध्यक्ष पद्मिनी प्रधानाङ्गले जानकारी दिइन्।

दक्षिण एसियाली देशमा नेपाल पाँचौं बढी भ्रष्टाचार हुने देश बनेको छ। ४५ अङ्क प्राप्त गरेको उत्तरी छिमेकी चीन ६५ औं स्थानमा छ।

## दिनभर...

गुनासोसम्बन्धमा पटकपटक प्रश्न उठाएका थिए।

मन्त्री अर्यालले मन्त्रालय अन्तर्गत हुने काम समयमै सम्पन्न गर्न टाइम कार्ड शुरु गर्ने तयारी भएको बताए। सबै तयारी पूरा गरी आगामी छ महिनाभित्र मोबाइल एप्लिकेशन 'एप्स'मार्फत टाइम कार्डबाट सेवा दिने बताए।

पत्रकार सम्मेलनमा मन्त्री अर्यालले सबै समस्याको समाधानका लागि 'श्रमाधान'को अवधारणा ल्याएको पनि बताए। मन्त्रालयले मंगलबारदेखि श्रमाधान अन्तर्गत २४ घण्टे श्रम सहायता केन्द्र सञ्चालनमा ल्याएको भन्दै मन्त्री अर्यालले कल सेन्टरमा स्वदेश तथा विदेशमा रहेका श्रमिकले आफूले झेल्नुपरेको समस्या टिपाउने र मन्त्रालय मातहत निकायहरूबाट त्यसको समाधान खोजिने जानकारी दिए। मोबाइल एपमार्फत नै श्रमिकले आफ्नो समस्या राख्न सक्ने भन्दै मन्त्रालयले श्रमाधानमा ११४१ वा ९८०१८०००१३ नम्बरमा सम्पर्क गरेर वा उक्त नम्बरको भाइबर र इमोसमेतबाट उजुरी गर्न सकिने व्यवस्था मन्त्रालयले गरेको छ।

मन्त्री अर्यालले भने, 'श्रमाधान एपबाट श्रम टाइम कार्ड लागू हुनेछ। तोकिएको सेवा दिन नसक्ने भए त्यसको कारण टाइम कार्डमा नै दिइने छ। सेवाग्राहीलाई झुलाउने काम गर्न हुँदैन, सबै समस्याको समाधान नहुन पनि सक्छ समाधान दिन नसके त्यसको कारण दिइने छ।'

मन्त्रीको जिम्मेवारी सम्हालेपछ पहिलो आधिकारिक पत्रकार सम्मेलनमा उपस्थित भएका मन्त्री अर्यालले अमर्यादित र विभेदपूर्ण देखेपछि रोजगारीका लागि विदेश जाने नेपाली कामदारको पृथक लाइन हटाएर सबैका लागि एउटै बनाएको बताए।

वैदेशिक रोजगार क्षेत्रमा अथाह गुनासा र उजुरी रहेको र आफू मन्त्रीको जिम्मेवारीमा आएपछि आफ्नो ह्वाट्सएपमा मात्रै मंगलबारसम्म १ हजार १२ उजुरी आएको भन्दै मन्त्री अर्यालले सबै शिकायतहरूको छानबिन गरी सम्बन्धित निकायमा पठाएर सकेसम्म छिटो समस्याको समाधान दिने बताए।

सञ्चारकर्मीहरूको प्रश्नमा मन्त्री अर्यालले फ्रि भिसा फ्रि टिकटको निर्णय सुन्दा लोकप्रिय रहेपनि सबै देशका लागि समानरूपमा लागू गर्न कठिनाइ रहेको भन्दै सुधारका लागि छलफल भइरहेको बताए। उनले भने, 'सुन्दा उक्त निर्णय रमाइलो नै छ, तर व्यवसाय फष्टाउनु पर्छ, निजी क्षेत्रका व्यवसायी निरूत्साहित गरेर हुँदैन। रोजगारीलगायतका सबै कुरा तत्कालै स्वदेशमा नै हुन्छ भनियो भने त्यो उल्टो हुन्छ, स्वदेशमा उत्पादन बढाउँदै लगेर बाध्यताको वैदेशिक रोजगार अन्त्य गर्नुपर्छ।'

मन्त्री अर्यालले स्वदेशमा रोजगारीको सम्भावना खोजीका लागि सात वटै प्रदेशमा रोजगार मेलाको आयोजना गर्न थालिएको समेत बताए। मन्त्री अर्याललाई अपाङ्ग र अशक्त नागरिकलाई सहजरुपमा सिंहदरबार प्रवेशका लागि भाडाका सवारी साधनलाई प्रवेशको व्यवस्था मिलाइएको जानकारी दिए। उक्त काम गृहमन्त्रालयको भएपनि गृहले उक्त काम नगर्दै गृह मन्त्रालयसँग समन्वय गरेर अपाङ्ग र अशक्त नागरिकलाई परिचयपत्रका आधारमा सिंहदरबार प्रवेशको व्यवस्था मिलाइएको बताए।

## हुण्डी...

रेमिट्यान्स कम्पनी खोलिदिन आग्रह गरेको छ।

त्यस्तै नेपालदेखि मकाउसम्म सिधा हवाई सेवा नरहेको र हङकङमा ट्रान्जिट भिसा लिनुपर्ने झन्झटिलो अवस्थाले नेपाली कामदारहरु समस्यामा परेको भन्दै एनआरएनए मकाउले हङकङ ट्रान्जिट समस्या समाधानको समेत माग गरेको छ।

एनआरएनए मकाउले नेपालदेखि मकाउसम्मको सिधा हवाई सम्पर्कको व्यवस्था भए नेपालबाट उक्त मुलुक जान र त्यहाँका पर्यटक नेपाल आउन सहज हुने सुझाव दिएको छ।

प्रधानमन्त्री दाहालसँग पाँच बुँदे माग राखेको एनआरएनए मकाउले कम्तीमा हप्तामा एक वटा फ्लाइटको व्यवस्था गरी नेपालमा लगानी गर्न चाहने चिनियाँ व्यापारीहरुलाई बिप्पा सम्झौतालगायत पूर्ण कार्यान्वयनको प्रतिबद्धतामार्फत होटल पर्यटन र क्यासिनो क्षेत्रमा लगानीका लागि आकर्षित गराउन चीनस्थित नेपाली राजदूतावास तथा हङकङस्थित महावाणिज्यदूतको सक्रियता बढाउन माग गरेको छ।

त्यसैगरी उक्त संस्थाले विश्वको आकर्षक पर्यटन गन्तव्य हङकङमा नेपालीलाई सहज आवागमनको व्यवस्था मिलाउन पनि माग गरेको छ।

## कतार...

प्रदान गरिएको होटेल बुकिङ गर्नुपर्ने छ। आफन्त र साथीसँग बस्ने भएमा त्यसको विवरण हाल्नुपर्ने छ। यस्तै राहदानीमा कम्तीमा ३ महिना म्याद भएको हुनुपर्नेछ।

कतार बस्ने अवधिलाई कभरेज गर्ने स्वास्थ्य बीमासमेत चाहिनेछ। यसैगरी फर्किने टिकट पनि आवश्यक पर्नेछ। कतारमा कामदार तथा विभिन्न भिसामा रहेका सबै नागरिकले भने 'हय्या विथ मी'मा व्यवस्था गरिएअनुसार तीन जनासम्म आफन्त वा साथीलाई समेत बोलाउन सक्ने भएका छन्। यी प्रक्रिया सबै निःशुल्क हुने मन्त्रालयले जनाएको छ। यो सुविधा विश्वकपको अवधिमा समेत प्रदान गरिएको थियो।

गत साल डिसेम्बर १८, २०२२ आइतबार राति कतारमा आयोजित फिफा विश्वकपको २२ औं संस्करण सकिए पनि यसको चर्चा विभिन्न कारण भइरहेको छ। उक्त समयमा विश्वकप हेर्न आउने टिकट होल्डर हरूको लागि कतार सरकारले हय्या कार्ड अनिवार्य गरेको थियो। जुन टिकट लिइसकेपछि आवेदन दिएर लिन सकिन्थ्यो। हय्याबिना कतार बाहिरबाट कतार प्रवेश गर्नेहरु र कतारमा रहेकाहरू सबै फिफा फ्यान जोन, मेट्रो, बस र स्टेडियममा समेत प्रवेश गर्न पाउँदैन थिए।

## नर्सलाई...

छैन। 'नियमित रूपमा हामी अनुगमन गर्छौं। त्यस्ता तथ्य र प्रमाण भेटिए भने हामी त्यस्ता स्वास्थ्य संस्थाको नवीकरण नगर्ने र खारेज गर्नेसम्मको प्रक्रिया अघि बढाएर जानुपर्ने पनि हुन सक्छ। हामी त्यो काम गर्छौं। ती कुरा तथ्य र प्रमाणको आधारमा तपाईंहरूले हामीलाई पनि सूचना दिनुहोस्,' स्वास्थ्यमन्त्री पदम गिरीले भने। उनले नर्सहरूको श्रम शोषण गर्ने अस्पताल सहितका स्वास्थ्य संस्थाहरूको नवीकरण नगर्नेदेखि लिएर संस्था नै खारेज गर्न सरकार बाध्य हुनेतर्फ पनि सचेत गराएका छन्।

तर, नर्सिङ्ग संघकी अध्यक्ष मनकुमारी राई भने खातामा हालेको तलब समेत फिर्ता गर्न बाध्य बनाईएको दाबी गर्छिन्। सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिन धेरै अस्पतालहरूलाई स्वास्थ्य मन्त्रालयले निर्देशन नै दिएको छ। निर्देशन पछि त्यस्ता अस्पतालहरूले नर्सहरूको तलब खातामा ठूलो रकम पठाए। तर, भोलिपल्टै उक्त पैसा फिर्ता गर्न लगाए।

बैंकको स्टेटमेन्टमा पैसा देखियो, तर उनीहरूले पैसा नपाएको अवस्था छ' उनले भनिन्। साथै उनले १५/१६ वटा अस्पताललाई स्पष्टीकरण सोध्ने र चेतावनी दिने समेतका काम भएपनि श्रमशोषण भने नरोकिएको बताएकी छिन्।

नेपाल नर्सिङ काउन्सिलको तथ्यांक अनुसार देशमा नर्सिङ पढाउने तीन सय वटा क्याम्पस छन्, जसबाट वर्षेनी सात हजार नर्सहरु उत्पादन हुँदा त्यही हाराहारीमा बाहिरिन्छन्। नेपालमा हालसम्म १ लाख १२ हजार ५७६ जना नर्स दर्ता भएका छन्। तर, लाखौं खर्च गरेर पढेका नर्सहरु रोजगारी र श्रमशोषणको सिकार भएर बाहिर जान बाध्य छन्। सरकार भने अनुगमन र आश्वासनमा मात्रै सीमित हुँदा उनीहरुका समस्या ज्यूँकात्यूँ छ।

## मापदण्ड...

पर्छन्। आइसीयू, सीसीयू र पोस्ट अपरेटिभ वार्डमा एक बिरामी बराबर एक नर्स हुनुपर्ने मापदण्ड छ। त्यस्तै अपरेसन थिएटरमा एक टेबलमा ३ जना नर्स हुनुपर्छ। तर, निजीको त परको कुरा सरकारी अस्पतालमै समेत उक्त मापदण्ड पूरा भएको छैन। वीर अस्पताल, प्रसुति गृह, ट्रमा सेन्टर आदि सरकारी अस्पतालमै नर्सको अभावका कारण एचडीयू अलपत्र परेको नर्सिङ्ग संघले जनाएको छ। एकातिर उत्पादित जनशक्तिले काम नपाउने अनि अर्कातिर भएका जनशक्तिको सही सदुपयोग नहुँदा अस्पतालको गुणस्तरीय सेवामा कमी आएको छ।


**साउदीमा रोजगार** | कम्पनी : **CENTRAL MARKETS NOIR AIZIM BANIYA AL SAMMARI**
शहर: Saudi

पूर्व स्वीकृत मितिः २०७९/१०/१७ — चलानी नं.: ६०१९५८७४ — LT. No.: 279979

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २५ गते (8 Feb. 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np


## Invitation for Bids

### Gurans Rural Municipality
### Office of the Rural Municipal Executive

**Ranimatta, Dailekh, Karnali Province**

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridge**

**Contract Identification No: GRM/SBQ/GOODS/01/079/080**

**(First Date of Publication: 2079.10.18)**

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Gurans Rural Municiapality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Gurans Rural Municiapality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLIDAR may also apply. However, bids of such fabricators shall be considered responsive only incase fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents from www.bolpatra.gov.np.
5. Bidding documents may be purchased from the www.bolpatra.gov.np by eligible Bidders, on submission of a payment of a non-refundable fee for bid documents as mentioned in the following table.

**<u>Information to deposit the cost of bidding documentin Bank:</u>**

**Name of the Bank : Prabhu Bank Ltd.**
**Name of Office : Gurans Rural Municipality — OfficeCode no.:**
**Office Account no : 1550109299100081 — Rajaswa(revenue) Shirshak no.:**

6. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 2079.11.04. Documents received after this deadline shall not beaccepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Gurans Rural Municipality on 2:00 pm, 2079.11.04 at the office of Gurans Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimumof 2.5% of the quoted Bid amount (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit in following account and submit bank deposit voucher along with the bid.

**OfficeName : Gurans Rural Municipality — BankName : PrabhuBank**
**BankAddress : Gurans Rural Municipality, Dailekh**
**AccountNumber : 1550109299100071**

9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The name and identification of the contract areas follows:

| Contract ID | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| GRM/SBQ/GOODS/01/079/080 | Fabrication of steel parts and transportation up to road heads of Milan Chowk Truss Bridge Gurans Rural Municipality (Ward No. 6-8), Dailekh | NRs. 13,14,318.54 | NRs. 37,200.00 | NRs. 1,000.00 |

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning anyreason, whatsoever.

**Chief Administrative Officer**

## Invitation of Electronic Bids

# Urlabari Municipality
# Office of Municipal Executive

**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2079/10/18 (1st of February 2023)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**<u>Details of Works</u>**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Agricultural-Bldng-W-NCB- 04-079/80 | " Construction of Truss roof Building of Agricultural product collection & selling centre, Urlabari -6 " | 79,15,649 .00/- | 198000.00 /- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०८/०८ मा दर्ता भएको **प्रा.लि. नं. १५८९३४** को **ब्रेभ गोर्खा ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

# रवि लामिछानेविरुद्ध उजुरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध राहदानी दुरुपयोगको आरोपमा उजुरी परेको छ। लामिछानेलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गर्दै जिल्ला प्रहरी परिसर काठमाडौंमा जाहेरी परेको हो। उनीविरुद्ध सिन्धुलीका युवराज पौडेलले मंगलबार जाहेरी दिएका हुन्।



लामिछानेविरुद्ध यसअघि नागरिकतासम्बन्धी मुद्दा पनि युवराजले नै सर्वोच्च अदालतमा दायर गरेका थिए। अदालतले रविको नागरिकता अवैध रहेको भन्दै सांसद र मन्त्री पद पनि खारेज भएको थियो। सर्वोच्च अदालतले अवैध भनेको नागरिकताकै आधारमा उनले राहदानी बनाएको र जतिबेला उनीसँग दोहोरो पासपोर्ट रहेको भन्दै उनलाई तत्काल पक्राउ गरी छानविन गर्न जाहेरीमा माग गरिएको छ।

रविले २०७० फागुन ९ गते अमेरिकाको नागरिकता लिएका थिए। अमेरिकी पासपोर्टवहाक उल्लेखित रवि लामिछानेले अमेरिकाको नागरिक रहेकै अवस्थामा आफन्त भेट्ने गरी पारिवारिक भिसामा नेपाल आएको बखत सर्वोच्चले अवैध भनेको नागरिकताकै आधारमा राहदानी बनाएका थिए। जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट २०५० फागुन १० गते जारी १८२२२ नम्बरको पूरानो नागरिकता प्रमाणपत्रकै प्रतिलिपि राहदानी विभागसमक्ष पेश गरी त्यही कायम नरहेको नेपाली नागरिकताको विवरण राखी नेपाली राहदानी लिएर दुरुपयोग गरेको भन्दै अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ।

रविले राहदानी ऐनको प्रचलित व्यवस्था विपरीत जानी जानी झुटो विवरण दिई २०७२ जेठ १३ गते ०८८३४८३८ नम्बरको नेपाली राहदानी लिएका थिए।

जाहेरीमा भनिएको छ, 'रवि लामिछानेले नेपाली राहदानी कानूनको बर्खिलाप हुने गरी नेपाली राहदानी समेत लिई दोहोरो राहदानी राख्ने एवम् दोहोरो राहदानी प्रयोग गरेको र तत्काल प्रचलित राहदानी ऐन, २०२४ को दफा ५ को खण्ड (ख) तथा हाल प्रचलित राहदानी ऐन, २०७६ को दफा २१ को खण्ड (क) ले निषेधित राहदानी सम्बन्धी कसूर गरेको हुनाले कसुरदार निज रवि लामिछानेलाई तत्कालै नियन्त्रणमा लिई उक्त राहदानी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान गरी कानुन बमोजिम मुद्दा चलाई कानुनी कारवाही गरी हदैसम्म सजाय होस् भनी यो जाहेरी दरखास्त पेश गरेको छ।' उक्त कसुर अनुसार लामिछानेलाई पाँच वर्षसम्म कैद र हदैसम्म जरिवानासमेत गर्ने गरी कानून बमोजिम मुद्दा चलाउन माग गरिएको छ।

---

## Kushma Municipality
### Office of Municipal Executive
Kushma, Parbat
Gandaki Province, Nepal

**Invitation For Bids**

**Date of publication: B.S. 2079/10/18 (1st February, 2023)**

Kushma Municipality, Office of Municipal Executive, Kushma, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of works which is mentioned on following table under National Competitive Bidding. All other information and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S. No. | Description of works | Contract No. | Average Annual Turnover in Nrs. | Bid Capacity in Nrs. | Bid Doc. Fee | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Ward Office Building at Arthar Dandakharka (Ward No 14) | KM/W/NCB/PAR/11 (079/80) | 2,00,00,000.00 | 2,00,00,000.00 | NRs. 5000 | 5,60,000.00 |

**Note:** Contract no : KM/W/NCB/PAR/10(079/80) published on 2079/10/04 (18th January, 2023)has been re-issued from this date with ., project title: Construction, Maintenance & Upgrading works of Old Age Home at Katuwachaupari ,same contract no and other information.

**Information to deposit the cost of bidding document in Bank.**

**Name of Bank** : **Nepal Bank Limited, Kushma**
**Name of Office** : **Kushma Municipality, Office of Municipal Executive, Kushma, Parbat**
**Office Account No.** : **06603000001001000001**
**Office Account Name** : **Kushma Nagarpalika aantarik raajashwo khata**

**Chief Administrative Officer**

---


## UAE र Kuwait मा रोजगार | कम्पनी: SKILL FORCE SECURITY SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०४/२५ चलानी नं.:६०१८५०४३ L.T. No.: 268984 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lady Guard | 0 | 50 | स. काममा दक्ष | 2000 | ७०,८४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |
| 2. | Security Guard | 47 | 0 | | 2000 | ७०,८४० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २८ गते (11 February 2023) मा हुनेछ।**

२. कम्पनी: AL-WAHEEB CO. FOR POULTRY PRODUCTS & FEEDS W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०३/०७ चलानी नं.: ६०१८१४२४ LT. No.: 264894 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrition | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६३,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 8 | 0 | | 170 | ७२,४६१ | | | | | | | |
| 3. | Labours (Indoor) | 42 | 0 | | 90 | ३८,३६२ | | | | | | | |
| 4. | Welder | 10 | 0 | | 150 | ६३,९३६ | | | | | | | |

३. कम्पनी: DELIVERY AND MORE CONSUMER GOODS CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०८/१३ चलानी नं.: ६०१९२३६६ LT. No.: 276683 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Delevery | 23 | 0 | स. काममा दक्ष | 120 | ५१,१४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: AYURVEDIC HEALTH INSTITUTE COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०६/३१ चलानी नं.: ६०१८९६२६ LT. No.: 273993 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 21 | 0 | स. काममा दक्ष | 100 | ४२,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २५ गते (8 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Govt. Lic No.: 367/059/060

SUNERA NEPAL INCORPORATED PVT. LTD.
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 01-5908135, 9810629726, 9851002973
Email ID: info@suneranepal.com, Website: www.suneranepal.com


---

## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं १,मोरङ, नेपाल

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

---

Provincial Government
Ministry Of Road Infrastructure and Urban Development
## Transport Infrastructure Directorate
# Infrastructure Development Office
Province no. 1, Bhojpur

## Invitation for Bid

**IFB No.: 10/079/80**

**First Date of Publication: 2079/10/18 (February 01, 2023)**

1. Infrastructure Development Office, Bhojpur invites bids from eligible bidders for following procurement of works:

| S.N. | Contract Identification Number | Description and Location of work | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/BHO/W/NCB-72/079/80 | Construction of Shyam River Motorable Bridge, Shadananda Municipality-9, Bhojpur | Average Annual Construction Turnover : NRs 2,52,00,000.00<br>Experience : At least one contract of RCC Motorable Bridge works within the last 10 years with a value of at least Nrs. 1,35,00,000.00 | 9,25,000.00 | 5000.00 |
| 2 | IDO/BHO/W/NCB-73/079/80 | Construction of Raute River Motorable Bridge along Temkemaiyung-Kot-Gogane-Lekahrka Road, Bhojpur | Average Annual Construction Turnover : NRs 2,90,00,000.00<br>Experience : At least on works within the last 10 years with a value of at least Nrs. 1,55,00,000.00 | 10,60,500.00 | 5000.00 |
| 3 | IDO/BHO/W/NCB-74/079/80 | Construction of Ekhuwa River Prestressed Motorable Bridge along Aamchowk Dummana Haikharag Hasanpur Road | Average Annual Construction Turnover : NRs 4,44,00,000.00<br>Experience : At least one contract of Prestressed Mototrable Bridge works within the last 10 years with a value of at least Nrs. 3,55,00,000.00 | 16,28,000.00 | 5000.00 |

2. Purchase, Submission and Opening:

| S.N. | Last Date of Submission of Bid: Date | Last Date of Submission of Bid: Time | Opening of Bid: Date | Opening of Bid: Time | |
|---|---|---|---|---|---|
| 1 | 2079/11/19 (3rd March, 2023) | 12 noon | 2079/11/19 (3rd March, 2023) | 1 PM | A complete set of Bidding Documents may be purchased from the PPMO Website bolpatra.gov.np/egp by eligible Bidders. |

3. Revenue Details:

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Province Treasury, Controller Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 2040100202030000 (Pradesh Dharauti) | Office code 3370107011 |
| Infrastructure Development Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 1000200010000 (Rajswa) | 14229 (Revenue Code) |

4. Pre-Bid Meeting Shall be held at Infrastructure Development Office, Bhopur on 2079-11-04 (Feb 16, 2023) at 11.00 AM.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

**Office Chief**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ माघ २०७९, बुधबार
1 February 2023, Wednesday

## सम्पादकीय

### अस्थीरता अस्वीकार्य

सत्तारूढ दलहरूबीच फेरि खटपट देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले फेरि पनि गृहमन्त्रालय पाउनुपर्ने र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड त्यसका लागि तयार नदेखिदा सत्तारूढ गठबन्धनमा खटपट देखिएको छ । प्रचण्ड प्रधानमन्त्री हुँदा नै रास्वपाका सभापति रवि लामिछाने उपप्रधान एवम् गृहमन्त्री भएका थिए । तर नागरिक विवादमा सर्वोच्च अदालतले फैसला सुनाउँदै रविको उपप्रधान एवम् गृहमन्त्री पद गुमेको थियो । अमेरिकी नागरिकता त्यागेका रविलाई फेरि नेपाली नागरिकता लिनुपर्ने फैसला सर्वोच्चले दिएको थियो । त्यसैअनुसार, आइतबार रविले नागरिकता लिएलगत्तै गृह मन्त्रालयमा दावी गरे । तर प्रधानमन्त्री प्रचण्डले उक्त मन्त्रालय दिन तयार नभएपछि रास्वपाले सरकार छोड्ने चेतावनी दिएको छ ।

रविलाई प्रमुख सत्ता साझेदार दल नेकपा एमालेले पनि साथ दिएको छ । एमाले नेताहरूले सत्तारूढबीच जुटेको सहमति अनुसार, रास्वपालाई गृहमन्त्री दिनुपर्ने सार्वजनिक अभिव्यक्ति नै दिइरहेका छन् । तर एमाले नेतृत्वको आग्रह समेत प्रचण्डले मान्न तयार नरहेको संकेत दिएका छन् । रास्वपालाई गृह मन्त्रालय दिन तयार नदेखिएका प्रचण्डले राष्ट्रपतिमा एमालेलाई समेत नस्वीकार्ने संकेत दिएका छन् । सत्ता साझेदार जनता समाजवादी पार्टी (जसपा) र नागरिक उन्मुक्तिले असन्तुष्टि जनाएर सरकारमा सहभागी हुन मानेका छैनन् । जनमत पार्टीले पनि असन्तुष्टि जनाएका छन् । यदि एमाले र रास्वपाको समेत प्रचण्डले विश्वास गुमाए यो सरकार प्रष्ट अल्पमतमा पर्नेछन् । तर प्रचण्ड त्यो अवस्थाको सामना गर्न पनि तयार देखिन्छन् ।

२६ पुसमा नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले समेत विश्वासको मत दिएकाले प्रचण्डको पद जोगिनेमा माओवादी केन्द्रका नेताहरू विश्वस्त छन् । त्यो अवस्थामा एमाले, रास्वपा, राप्रपा सहित अहिलेको गठबन्धन भत्किएर १० पुस अगाडिको समीकरण बन्न सक्छ । राष्ट्रपतिमा कांग्रेसको दावी छदैछ । १० पुसकै अवस्थामा पुग्दा पनि फाइदा एमालेलाई हुनेछ । किनकि अहिलेको संसदीय समीकरणमा एमालेबाट सभामुखमा निर्वाचित देवराज घिमिरे सहित प्रदेश सभामुख र उपसभामुख पदमुक्त गर्न नयाँ समीकरणसँग दुई तिहाइ बहुमत पुग्ने देखिन्न । तर कांग्रेस र माओवादी सहित दलहरूलाई पनि लाभ नै होला । तर नोक्सान भने मुलुकलाई हुनेछ । सरकार बनेको दुई महिनाभित्रै शुरू भएको अस्थीरताको जग मध्यावधिसम्म जाँदैन भन्ने कुनै टुंगो छैन । जबकी मुलुकका निम्ति राजनीतिक स्थीरता महत्वपूर्ण कुरा हो । संविधानको भावना पनि त्यही हो । अतः व्यक्तिगत स्वार्थकै निम्ति मुलुकलाई अस्थिरतामा लैजाने प्रयत्न अस्वीकार्य छ । प्रणाली महत्वपूर्ण र व्यक्तिगत स्वार्थ सहायक कुरा हुन् । मुलुक, जनता र संविधानलाई केन्द्रमा राखेर निर्णय लिन आवश्यक छ ।

# रविको नैतिकतामाथि उठेको प्रश्न

*सार्वजनिक पद धारण गरेपछि मेरोबारेमा प्रश्न उठ्न सक्छ भनेर किन ख्याल नगरेको ? अरूलाई 'सत्ता र कुर्सीका लागि न्याल काड्नेहरू' भन्नेले विवाद नसकी आफूचाहिँ रातारात किन मन्त्री बन्न कस्सिएको ? त्यो पनि आफैँमाथि छानबीन गर्ने मन्त्रालयको मन्त्री हुनुपर्ने ? यो कस्तो इमानदारिता हो ?*

अग्रलेख



● गोविन्द विक

छोरीको जन्मदर्ताको लागि राज्यका विभिन्न निकायमा धाउँदा पनि जन्मदर्ता गर्न नसकेर हारगुहार गरिरहेकी एकजना महिलासँग पंक्तिकारको भेट भयो । उनले आफ्नो सबै समस्या बताएपछि नाबालिक छोरीको जन्मदर्ता गर्नका लागि आफ्नो तर्फबाट सक्दो पहल गर्ने र मिडियाको साहयताले छोरीको बाउलाई पनि झिकाउने प्रयासमा मिडिया जुटाइदिने तयारी पंक्तिकारले गऱ्यो । मिडियाको कुरा गरेपछि ति महिलाले रवि लामीछानेलाई 'न्यूज ट्वान्टी फो'मा काम गर्दा नै तीन पटक भेटेर आफ्नो समस्या बताएको तर, पनि समस्या समाधानका लागि कुनै चासो नदिएको बताइन् । फेरी ध्यान दिएर सोध्दा रविलाई पटक-पटक भेट्दा पनि समस्या सल्टिएन भनेपछि त पंक्तिकारले सोचेको रवि र ती महिलाले भेटेको रवि किन एउटै नभएको भन्ने अनेकौ प्रश्नहरु मनमा उब्जीन थाले ।

महिलाको समस्या निकै असजिलो खालको हुन्छ । श्रीमान् बितेपछि एकल जीवन जिउनेक्रममा उनको एकजना पुरुषसँग भेट हुन्छ, ती पुरुष "म अविवाहित हो, म तिमीलाई मन पराउछु" भनेर नजिक हुन्छ । ती महिला र पुरुष एकअर्कामा नजिक हुँदै गएपछि उनीहरुको सम्बन्ध विवाहमा परिणत हुन्छ । जब विवाह हुन्छ तब पुरुषको अर्की श्रीमती पनि छन् भन्ने ती महिलालाई थाहा हुन्छ । ती महिला कान्छी श्रीमती हुन्छीन् । समय बित्दै जान्छ, उनीहरुबाट एक छोरीको जन्म हुन्छ । छोरीको जन्म हुन्जेलसम्म श्रीमान् श्रीमतीको सम्बन्ध एकदम राम्रो हुन्छ । श्रीमानको जेठी श्रीमती भएका कारण कान्छीसँग विवाह दर्ता हुँदैन । समय घर्किंदै जान्छ, उनीहरुको सम्बन्धमा खटपट आउन थाल्छ । यसैसमयमा ती महिलालाई क्यान्सर रोग लागिसकेको हुन्छ । महिलाले विवाह दर्ता, छोरीको जन्म दर्ता बनाउन श्रीमानसँग अनुनयबिनय गर्छिन् तर, पछि बनाउनु पर्छ भन्दै श्रीमान् पन्छिरहेका हुन्छन् । जब छोरी पनि हुर्किरहेकी हुन्छीन् ती महिलालाई क्यान्सर रोगले निकै च्याप्दै जान्छ । त्यही मेसोमा श्रीमान् बेपत्ता हुन्छन् । उनी बनीबुतो गरेर छोरी हुर्काउँदै एकल जीवन बिताइरहेकी हुन्छिन् । यसैक्रममा श्रीमान् विदेशको राम्रै ठाउँमा पुगेको जानकारी महिलालाई हुन्छ । छोरीको जन्मदर्ताले महिलालाई निकै पिरोलीरहेको हुन्छ । जन्मदर्ताका लागि श्रीमानको स्थायी ठेगाना रहेको वडा कार्यालयमा जान्छिन् । तर, उनीसँग न विवाहदर्ता थियो न त उनको पक्षमा बोलीदिने मान्छे । वडाले बालिकाको सूचकका रुपमा आमाबुबा स्वयम् उपस्थिती हुनुपर्ने, बालिकाको बुवा विदेशमा भए हजुरआमा वा हजुरबुबा जो भएपनि वडामा उपस्थिति हुनुपर्ने, यदि कोही पनि नभए सात जनाको मुचुल्का लिएर आउनुपर्ने भनेर वडाले फर्काइदिन्छ । यता छोरीको स्कूलले जन्मदर्ता नल्याए आठ कक्षाको परीक्षा नै दिन नपाइने भनेर भनिरहेको कुराले ती महिला झनै चिन्तामा हुन्छिन् । माइती नेपाललगायतका विभिन्न निकायमा धाउँदा पनि काम नभएको महिलाको पीडा सुनी नसक्नु छ । यो सबै घटनाक्रमलाई लिएर रवि र सिधाकुरा जनतासँगका प्रोडुसर दिपक बोहोरासँग कुरा गरेको तर, समाधानमा कुनै ठोस पहल नगरिदिएको भन्ने सुन्दा विभिन्न प्रश्नहरु मनमा उब्जीनु स्वभाविक नै थियो ।

उनी र पंक्तिकार जस्ता थुप्रै जनताले रवि लामिछानेप्रति आशा र भरोशा राखेका थिए । तर, घटनाक्रमले ती आशाहरु कमजोर बनाउँदै लगेको सत्यसावित हुँदै गइरहेको छ । सञ्चारजगतमा रहँदा रविले गरेको कामबाट आम नेपालीहरु प्रभावित भएका र सबैले रविलाई मनमा राखेको कुरामा कुनै दुविधा थिएन । सबैको स्याबास खाएका रविले ती महिलाको समस्या समाधानमा पहल नै नगरिदिएको सुन्दा रविप्रतिको म र मजस्ता कयौं युवाहरुको आशा केवल बालुवाको महल पो रहेछ भन्ने लाग्यो । ती महिला अझैपनि छोरीको जन्मदर्ताका लागि भौंतारिरहेकी छन् ।

रवि लामिछानेले सुशासन र नैतिकताको नारा चर्को रुपमा उठाउँदै आएका थिए र छन् पनि । राजनैतिक दलमा नातावाद कृपावाद जस्ता कुरा अभ्यासमा रहेको र इमानदारिताको खडेरी नै लागेको नैतिकता र सुशासन भन्ने कुरा त राजनैतिक पार्टीमा कहीँ कतै पनि नदेखिएको भन्ने आरोप रविले दलहरुमाथि लगाउने गर्थे । व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन नभएको भनेर जनताको अवस्था परिर्वतन गर्ने भन्दै राजनैतिक पार्टी खोलेर राजनीतिमा होमिएका रवि लामीछाने निकै छोटो समयमा सांसद उपप्रधानमन्त्रीसहित देशको महत्वपूर्ण मन्त्रालय समाहाल्न पुगेका थिए । आम जनताले रविप्रति अथाह माया सद्भाव देखाए । सामाजिक सन्जालका भित्तादेखि गाउँ सहर जतातते रविको पक्षमा भिड जम्मा भयो । त्यही भिडबाट रवि सुशासन र नैतिकताको चर्को बिगुल फुक्दै जनताको घरमा पुगे । जनताले अप्रत्यासितरुपमा रविलाई मतदिएर संसद भवन छिराए । नेताहरुको सत्ता मोह र सत्ताको दोहोरी खेलेर पद र कुर्सीका लागि जे पनि गर्ने अभ्यास स्थापित भइरहेको अवस्थामा आफ्ना लागि राखिएको छुट्टै कुर्सी हटाउन लगाएर परिवर्नतको आसा देखाउन खोजेका रविप्रति जनताले भरोसा राख्नु कुनै नौलो विषय त थिएन तर, उनले टेकेको नैतिकताको धरातल कति बलियो रैछ ? भन्ने मुख्य प्रश्न बन्न पुग्यो ।



*नागरिकता प्रकरणमा रविले पार्टी सभापतिदेखि सांसद र मन्त्रीसहित सबै पद एकैपटक गुमाए । अहिले उनी पुनः नागरिकता लिई पार्टीको मुख्य जिम्मेवारीमा फर्किएका छन् । तथापी, सुशासनको चर्को बिगुल फुक्ने रविले कानुनी व्यवस्थालाई नै चुनौति दिएर प्रक्रिया नै नपुऱ्याई पुरानो नागकिता किन प्रयोग गरे ? सबैको मनमा यही प्रश्न छ अहिले ।*

Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## कतारमा रोजगार | कम्पनी : AL MANA VENTURES WLL
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/०७/३० चलानी नं.: ६०१९१३७३ LT. No.: 275798

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,०३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 11 | 3 | | 1400 | ४९,५७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २५ गते (8 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
ईजाजत नं.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375824 | Mob: 9746458492, 9847754585 ,9808818854 ,9808818851 | E-mail: cm.seagull55@gmail.com


# बक्स अफिस समाचार

सूर्य कर्पोरेसनको प्रष्टीकरण

## ‘भुवन केसीसँग व्यापारिक साझेदारी छैन’

**काठमाडौं/मस–** दुबईमा हुन गइरहेको नेपाल फिल्म फेस्ट, २०२३ को व्यवस्थापन गरिरहेको सूर्य कर्पोरेसनले चलचित्र विकास बोर्ड अध्यक्ष भुवन केसी आफूहरूको व्यापारिक साझेदार नभएको स्पष्ट गरेको छ । कर्पोरेसनले चलचित्र विकास बोर्डले दुई देशमा फिल्म फेस्टिभल गर्ने चाहाना व्यक्त गरेअनुरुप प्रस्ताव पेस गरी व्यवस्थापकको जिम्मेवारी पाएको विज्ञप्तिमार्फत स्पष्ट पारेको छ ।

भुवन केसीले निर्माण गर्ने फिल्मको विदेश अधिकार सूर्य कर्पोरेसनले लिएको र यही सम्बन्धका आधारमा भुवन केसीले सूर्य कर्पोरेसनलाई अवार्ड व्यवस्थापकको जिम्मेवारी सुम्पिएको समाचार आएको थियो । सूर्य कर्पोरेसनले यो समाचारको खण्डन गरेको छ ।






चलचित्र विकास बोर्डले दुबईमा गर्न लागेको फेस्टिभलको व्यवस्थापनको जिम्मेवारी सूर्य कर्पोरेसनले पाएपछि विवाद उत्पन्न भएको थियो । वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गरेको उजुरीको आधारमा वैदेशिक रोजगार विभागले छापा मारेको थियो । तर केही समयपछि नै विभागले कम्पनीलाई क्लिन चिट दिएको थियो । कर्पोरेसनले आफ्नो कम्पनी म्यानपावर अथावा कन्सल्टेन्सी नभई टुर्स एन्ड ट्राभल भएको पनि स्पष्टिकरण दिएको छ ।

कम्पनीले अनुमति नलिई ‘महापुरुष’ फेस्टिभलमा देखाउन लागेकोमा निर्माताको आपत्तिपछि फिल्म हटाइएको पनि जानकारी गराएको छ । ‘महापुरुष’ निर्माताले बोर्डले आयोजना गर्न लागेको फेस्टिभलको औचित्यमाथि प्रश्न उठाउँदै आफूहरू सहभागी नहुने घोषणा गरेको थियो । कर्पोरेसनले विज्ञप्तिमा आफूले सम्बन्धित निकायबाट सफाइ पाइसके पनि समाचारमा विवादित कम्पनीको रुपमा चित्रण गरेकोमा पनि आपत्ति रहेको जनाएको छ । फेस्टिभल फेब्रुअरीको १२ तारिखदेखि दुबईमा शुरु हुँदैछ ।

## ‘सिड्नी’मा सविन र रीमाको जोडी

**काठमाडौं/मस–** नेपाली फिल्म ‘सिड्नी’ निर्माण हुने भएको छ । देव कुमार श्रेष्ठको निर्देशनमा बन्न लागेको फिल्मको आइतबार राजधानीमा एक कार्यक्रमका बीच औपचारिक रुपमा निर्माण घोषणा गरियो । आगामी वैशाख छेकोबाट छायांकन शुरु हुने फिल्ममा सविन श्रेष्ठ र रीमा विश्वकर्माको जोडी बाँधिनेछ ।

ओमाईगड इन्टरटेन्मेन्ट र आचार्य ब्रदर्सको संयुक्त ब्यानरमा निर्माण हुने फिल्मको २० प्रतिशत नेपालमा र ८० प्रतिशत सिड्नीमा छायांकन हुनेछ । छायांकनमा निस्कनुअघि फिल्मका लागि अन्य कलाकार छनोट गरिने निर्देशक श्रेष्ठले जानकारी दिए । फिल्मले नेपालदेखि अष्ट्रेलियासम्मको कथा बोल्नेछ । मुलतः




फिल्म अष्ट्रेलिया पुगेपछि नेपालीले गर्नेपर्ने संघर्षको कथामाथि निर्माण हुनेछ ।अम्बर रसाइली प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा चोला बहादुर आचार्य र भीमराज रसाइली छन् । युगलध्वज कार्कीको लेखन रहेको फिल्मलाई हरि बहादुर घलेले छायांकन गर्नेछन् । फिल्मको प्रोडक्सन डिजाइनरमा शंकर पाण्डे छन् । एक्सन तथा थ्रिलर जनरामा निर्माण हुने फिल्म स्तरीय बन्नेमा प्रस्तुतकर्ता रसाइली विश्वस्त देखिए । फिल्मको कथावस्तु राम्रो रहेको उनको दाबी छ ।

कार्यक्रममा सविनले आफू एक्सन भूमिकामा देखिने संकेत गरे । उनले भने, ‘हुन त मैले यसअघि पनि धेरै एक्सन फिल्म गरेको छु । तर, यसपटक केही फरक देख्न पाइनेछ । मैले निर्वाह गर्ने भूमिका पनि पृथक लाग्न सक्छ ।’ त्यस्तै, रीमाले कथावस्तुले आफूलाई फिल्ममा काम गर्न आकर्षित गरेको बताइन् । सविनसँग पहिलो पटक फिल्ममा स्क्रिन शेयर गर्न उनी उत्साहित देखिएकी छन् ।


## मलेसियामा रोजगार

कम्पनी : JAGDIS SINGH A/L BANTA SINGH
शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०८/१४ चलानी नं.: ६०१९२४७७ LT. No.: 276883 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ २५ गते (8 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

### साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## UAE मा बैदेशिक रोजगारको अवसर

Company: S S A INTERNATIONAL BUILDING CONTRACTING, UAE, DUBAI

पूर्व स्वीकृती मिति: २०७९/१०/१७ चलानी नं. ६०१९५०७९ LT No.: 279577

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technician | 04 | 1300 | ४६,२८६।- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ बर्ष |
| 2 | Electrician | 04 | 1300 | ४६,२८६।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 3 | MASON/ TILE MASON | 10 | 1200 | ४२,७२६।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 4 | SteelFixer | 20 | 1200 | ४२,७२६।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 5 | Building Labour | 40 | 900 | ३२,०४४।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 6 | Shuttering Carpenter | 20 | 1200 | ४२,७२६।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 7 | Plumber | 06 | 1300 | ४६,२८६।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |

अन्तरवार्ता २०७९ माघ २५ (8 Feb., 2023) गते यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

### मार्भलस इम्प्लोएमेन्ट नेपाल प्रा. लि.

MARVELOUS EMPLOYMENT NEPAL
Lic.No. 065/051/052
AN ISO 9001-2008 Certified Company
काठमाण्डौ-३४, शान्तिनगर, काठमाण्डौ,
फोन: ०१ – ४६२०९२९, ४६२११७६

## Bahrain र Romania मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी : Al Jenan Doors System, Bahrain

पूर्व स्वीकृती मिति २०७९।१०।१७ चलानी नं. ६०१९५८३४ LT.No. 280365

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Account Assistant | 01 | - | स. काममा दक्ष | 170 | ५८,८८० | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | छ | छ | २ वर्ष |

अन्तर्वार्ता २०७९ माघ २५ गते (8 Feb., 2023) मेनपावर कार्यालय धापासिमा हुनेछ ।

२ कम्पनी : INTERNATIONAL WORK FINDER, Bucharest, Romania पून: विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।१२।१६ चलानी नं. ६०१७६९६० LT.No. 260759

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब US$ | मासिक तलब नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | - | काममा दक्ष | 650 | ८५,२०२।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Cook Helper | 10 | - | | 550 | ७२,०९४।- | | | | | | | |
| 3 | Cleaner | 10 | - | | 550 | ७२,०९४।- | | | | | | | |
| 4 | Housemaid | - | 05 | | 550 | ७२,०९४।- | | | | | | | |
| 4 | General Worker | 09 | 06 | | 550 | ७२,०९४।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैं | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | सि.नं.१ को निःशुल्क सि.नं.२ को रु. ५०,०००।- |

अन्तर्वार्ता २०७९ माघ २५, २६, २७ र २८ गते (8, 9, 10 & 11 February, 2023) मेनपावर कार्यालय धापासिमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

### वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.

WISE
श्रम इजाजत नं. ८३७/०६६/०६७
धापासी ७, बसुन्धारा काठमाण्डौ फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७



## Kawasoti Municipality
### Office of the Municipality Executive

Gandaki Province , Nepal

**Invitation For Bids**

**Date of Publication: 2079/10/18**

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S.No | Contract Nos. and Title. | Brief Description of works | Last Date and time of Bid Submission | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 Years :NPR | Minimum Work experience of similar size and nature :NPR | Minimum Bid Security amount (NRS) | Cost of Bidding Documents (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 14/KM/ NBC/079/80 | River Training works | 2079/11/19 (BS) up to 12 Hrs | 3,15,00,000.00 | 90,00,000.00 | 5,80,000.00 | 5,000.00 |

Eligible bidder may obtain further information from kawasoti Municipality ,Office of the Municipal Executive,Kawasoti,Nawalparasi (E) (Mobile :985764111,Website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Act. Chief Executive Officer**



## बोलपत्र कागजात सच्चाईएको सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/१०/१८**

१. मिति २०७९/०९/२६ गते मध्यान दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार आह्वान गरिएको तपसिल बोलपत्रहरुको लागत अनुमान रकम संशोधन गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S.N. | School Name & Location | Construction Work Details | Contract No. | Estimated Amount Inc. VAT NRs. | Bid Security/ Bank Deposit Amount NRs. | Bid Security/ Bank Deposit Validity |
|---|---|---|---|---|---|---|
| 1 | Shree Narad Aadarsha Ma. Vi., Basaha | 4 room school building | 1/Narad | 44,99,000 | 1,25,000 | 2080/02/26 or 9 June 2023 |
| 2 | Shree Jalpa Jana Ma. Vi., Basaha | 2 room school building | 1/Jalpa | 22,49,000 | 65,000 | |
| 3 | Shree Ma. Vi. Aamsal, Basaha | 2 room school building | 1/Aamsal | 22,49,000 | 65,000 | |
| 4 | Shree Jana Kalyan Aa. Vi., Basaha | 2 room school building | 1/Janakalyan | 22,49,000 | 65,000 | |

२. बोलपत्र कागजात खरिद मिति र समय, बोलपत्र पेश गर्ने अन्तिम मिति र समय र बोलपत्र खोल्ने मिति र समय यथावत रहेको साथै यो सूचना प्रकाशित मिति भन्दा अगावै खरिद गरिएको बोलपत्र कागजात चौदण्डीगढी नगरपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क गरी संशोधित बोलपत्र कागजात लिनुहुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

३. अन्य थप जानकारीका लागि सम्बन्धित विद्यालय तथा प्रविधिक श्री सवान पाईक ९८२७७७९१०५ लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

**विद्यालय प्रशासन**



## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा, प्रदेश नं. १, नेपाल
फोनः ०२३–४०११५५

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०७९/१०/१८**

यस नगरपालिकाबाट मितिः २०७९ पौष १ गतेको शौर्य राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार तपशिल निर्माण कार्यको लागि निर्धारित मिति र समयभित्र पेश हुनआएका विद्युतीय बोलपत्रहरु मध्येबाट तपशिल बोलपत्रदाताहरुको विद्युतीय बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गर्ने आशयले छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपशिल**

| सम्झौता संकेत नम्बरः | निर्माण कार्य | छनौट भएका बोलपत्रदाताको नाम | कबोल रकम (मू.अ. कर र प्रो.स. बाहेक रु.) |
|---|---|---|---|
| Kanakai/NCB/Works/5/ 2079-80 | पञ्चायत मार्ग कालोपत्रे | Global Construction (PAN: 605623077) | ४,७६०,६७०।५० |
| Kanakai/NCB/Works/6/ 2079-80 | रिङ रोड कालोपत्रे | Jaya Laxmi Nirman Sewa Pvt. Ltd. (PAN: 604332059) | ४,६७१,९२७।५० |

# सन्दीप लामिछानेको निलम्बन फुकुवा



काठमाडौं/मस- नेपाल क्रिकेट संघ (क्यान)ले क्रिकेटर सन्दीप लामिछानेको निलम्बन फुकुवा गरेको छ। मंगलबार पोखरामा बसेको कार्यसमितिको बैठकले बलात्कारको अभियोग झेलिरहेका लामिछानेको निलम्बन फुकुवा गर्ने निर्णय गरेको हो। नाबालिग बलात्कारको अभियोग लागेपछि क्रिकेट संघले लामिछानेलाई गत भदौमा निलम्बन गरेको थियो।

असोज २० गते पक्राउ गरेका लामिछानेलाई जिल्ला अदालत, काठमाडौंले पुर्पक्षका लागि कारागार चलान गरेको थियो। तर उच्च अदालत पाटनले उनलाई कात्तिक २८ गते २० लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो। २९ कात्तिकमा उनी रिहा भएसँगै क्यानले निलम्बन फुकुवाबारे छलफल थालेको थियो। यसैबीच क्रिकेटर लामिछानेलाई थुनामै राख्नुपर्ने माग राख्दै महान्यायाधीवक्ताको कार्यालयले सर्वोच्च अदालतमा निवेदन दिएको छ।

उच्च अदालतको आदेशविरुद्ध मंगलबार सर्वोच्च अदालतमा निवेदन दर्ता गरिएको महन्यायाधिवक्ताको कार्यालयले जनाएको छ।

# दोर्दी राष्ट्रपति रनिङ शिल्ड कपमा लक्ष्मी माविको ह्याट्रिक

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १७ माघ

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङ दोर्दी गाउँपालिकाको आयोजनामा वडा नं. ४ नौथर सेरामा आयोजित चौथो राष्ट्रपति रनिङ शिल्ड कप लक्ष्मी माध्यमिक विद्यालयले जितेको छ। आइतबारदेखि सञ्चालित यस प्रतियोगित जितेसँगै पालिकाको वडा नं. ३ श्रीमञ्जाङस्थित लक्ष्मी माविले ह्याट्रिक गर्न सफल भएको हो। सो माविले ५० अंक अर्थात १० स्वर्ण पदक, ७ कास्य पदक र ६ रजत प्राप्त गर्दै विजयी बन्न सफल भएको हो। त्यस्तै, फलेनी माध्यमिक विद्यालय ९ स्वर्ण पदक, १० कास्य र १ रजत प्राप्त गर्दै दोस्रो भएको थियो। पाचोक माध्यमिक विद्यालय ६ स्वर्ण पदक, ४ कास्य पदक र ४ रजत प्राप्त गर्दै तेस्रो स्थान हासिल गरेको छ।



विजयीलाई क्रमशः पाँच हजार, मेडल, शिल्ड, कप, तीन हजार, मेडल, शिल्ड कप र दुई हजार, मेडल, शिल्ड र कप वितरण गरिएको दोर्दी शिक्षा शाखा प्रमुख भिमप्रसाद लामिछानेले बताए। उनका अनुसार दोस्रो स्थानमा प्राप्त फलेनीले ४८ अंक र तेस्रो भएको पाचोकले ३० अंक प्राप्त गर्न सफल भएको थियो। यस पटकको च्याम्पियनसँगै तीन पटक विजयी भएको भन्दै लक्ष्मी माविलाई कार्यक्रमकै अवसरमा मंगलबार दोर्दी गाउँपालिकाले नगद १५ हजार रुपैयाँसहित सम्मान गरेको थियो।

# सुनवर्षी–८ लाई मेयर कप क्रिकेटको उपाधि

**विराटनगर/मस-** मेयर कप नकाउट क्रिकेट प्रतियोगिताको उपाधि सुनवर्षी नगरपालिका वडा नं. ८ ले जितेको छ। मोरङको सुनवर्षी नगरपालिका वडा नं. ५ मा सम्पन्न भएको फाइनलमा सुनवर्षी नगरपालिका वडा नं. ६ लाई ५ विकेटले हराउँदै वडा नं. ८ ले मेयर कपको उपाधि जितेको हो।

टस जितेर ब्याटिङ रोजेको सुनवर्षी ६ ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १७१ रनको योगफल तयार पारेको थियो। जवाफमा १७२ रनको विजयी लक्ष्य पछ्याएको सुनवर्षी ८ ले १८ ओभरमा ६ विकेट गुमाउँदै विजय लक्ष्य पार गरेको थियो।

विजेता बनेको सुनवर्षी ८ ले नगद १ लाख २५ हजार पायो। उपविजेता बनेको सुनवर्षी ६ ले ६५ हजारमा चित्त बुझायो। पुस २९ देखि माघ १६ गतेसम्म सञ्चालन भएको प्रतियोगिताको फाइनलमा १६ वटा टिमको सहभागिता रहेको थियो।

सुनवर्षी ८ का विकास दासले ३ विकेट लिए भने सर्वाधिक ६७ रन बनाए। दास फाइनलको म्यान अफ दि म्याच घोषित भए। उनले नगद पाँच हजार पाए। प्रतियोगिताको म्यान अफ दि सिरिज वडा नं ६ का श्रावण यादव भए। उनले २५ हजार रुपैयाँ पाए। प्रतियोगिताको उत्कृष्ट ब्याट्समेनमा सुनवर्षी वडा नं २ का फिरदोष अन्सारी, उत्कृष्ट विकेटकिपर देवेन्द्र थापा, उत्कृष्ट बलर वडा नं ६ का श्रावण यादव र फेयर प्ले अवार्डमा शनिश्चरे नगरपालिकाको टिम भयो।



प्रतियोगिताको विजेता हुने टिमहरूलाई मोरङ क्षेत्र नं. २ का प्रतिनिधिसभाको सांसद ऋषिकेश पोखरेल, प्रदेश सांसद गणेश उप्रेती, सुनवर्षी नगरपालिकाका प्रमुख श्यामप्रसाद राजवंशी, नगरपालिकाका प्रखुख प्रशासकीय अधिकृत रुद्र प्रसाद दुलाल, वडा अध्यक्षहरु कमल मोक्तान, विनोद राजवंशी, अतनकुमार बुढाथोकी, ध्रुव सिंह, बिरेन राईलगायतले पुरस्कार वितरण गरेका थिए।


**एनएमबि बैंक लिमिटेड**
बबरमहल, काठमाडौं फोन नं: ०१४२४६१६०
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
प्रकाशित मितिः २०७९/१०/१८

यस बैंकको निक्षेपकर्ता श्री सिन्धल गुरुङ्की बुहारी, श्री लाल बहादुर गुरुङ्की की, श्रीमती गुल्मी जिल्ला, चन्द्रकोट गाँउपालिका, वडा नं ३ (साबिक हर्राचौर वडा नं २) घर भई हाल नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं ४ बस्ने श्रीमती दिल शोभा गुरुङ्कीको मिति २०७८/०८/२६ गते ८५ वर्षको उमेरमा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरू उपलब्ध गराई दिनुहोस् भनी निजको बुहारी सिता गुरुङ्ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरू समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरूमा निवेदकको माग बमोजिम मृतकको बुहारी सिता गुरुङ्को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# समृद्धि युवा क्लब विजयी



**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १७ माघ

'स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल नाराका साथ सुनसरीको इटहरीस्थित पूर्वेली क्लबको आयोजनामा फुटबल प्रतियोगिता सम्पन्न भएको छ। खेलमा इटहरी ४ गैरिगाउस्थित समृद्धि युवा क्लब विजयी भएको छ भने पुर्वेली क्लब टिम ए उपविजेता बनेको छ।

खेलमा समृद्धिका तर्फबाट सञ्जिव राईले गरेको एक गोल नै खेलको निर्णायक गोल बनेको थियो। इटहरी ४ स्थित खेल मैदानमा सम्पन्न प्रतियोगितामा नगरभरिबाट ८ वटा टिम सहभागी रहेका थिए।

खेलमा उत्कृष्ट गोलकिपरमा राम लिम्बु घोषित भए। प्रतियोगितामा उत्कृष्ट कोच, उत्कृष्ट किपर र उच्च गोलकर्तालाई समेत पुरस्कार प्रदान गरिएको थियो। धेरै गोल गर्नेमा सञ्जिव राई पुरस्कृत भए भने सञ्जिव लिम्बू उत्कृष्ट कोच घोषित भए। खेलमा विजेता तथा उपविजेता टोलीलाई प्रमाणपत्र र मेडलसहित पुरस्कार वितरण गरिएको थियो।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा प्रदेश खेलकुद विकास बोर्ड प्रदेश नं. १ का सदस्य शैलेशकुमार विष्टले पूर्वेली क्लबको तर्फबाट प्रतियोगितामा सहभागी खेलाडीहरु समुह ए र बी लाई जर्सी तथा खेल सामग्री वितरण गरेका थिए। कार्यक्रमको समापनमा विशिष्ट अतिथि रमेश खत्रीले विजेता खेलाडीलाई मेडल तथा पुरस्कार प्रदान गरेका थिए। खेल पूर्वेली क्लबका अध्यक्ष झलक बनको अध्यक्षतामा सम्पन्न भएको थियो।


**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **कान्तिपुर ओभरसिज सर्भिसेज प्रा. लि.** श्रम इजाजत पत्र नं. १६७/०५६/५७ मा कार्यरत निम्न कर्मचारीहरुलाई यस कार्यालय बाट हटाइएको सम्बन्धीत सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरु सँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचना द्वारा सम्बन्धीत सबैमा जानकारी गराइन्छ र यदि सो गरे, गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि. वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | कविता राई | दस्तावेज अधिकारी |
| | अमृता गुरुङ | कार्यालय सहयोगी |

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np



**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** श्रम इजाजत पत्र नं. ६८९/०६३/०६४ मा कार्यरत निम्न कर्मचारीहरुलाई यस कार्यालय बाट हटाइएको सम्बन्धीत सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरु सँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचना द्वारा सम्बन्धीत सबैमा जानकारी गराइन्छ र यदि सो गरे, गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि. वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| 1 | Suraj Bishunkhe | Accountant | Bharatpur-17, Chitwan | 35-01-75-03741 |
| 2 | Binod Khadka | Marketing Director | Mahadevsthan-7, Kathmandu | 11145 |
| 3 | Pinky Dutta | Asst. Documentation Officer | Kathmandu-18, Kathmandu | 271060/11374 |
| 4 | Anand Dhungana | Marketing Representative | Waling-08, Syangja | 1726 |
| 5 | Arjun Chaudhary | Accountant | Kumarbarti-06, Nawalparasi | 262026/246 |
| 6 | Suman Bishunkhe | Documentation Officer | Bharatpur-17, Chitwan | 35-01-74-00357 |
| 7 | Anjita Baral | Receptionist | Lalbandi-16, Sarlahi | 19-02-75-03797 |
| 8 | Pushpa Lamichhane | Labor Representative | Bageshwori-05, Bhaktapur | 17833 |

Lic No. 689/063/064
**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
सामाखुसी–0३, काठमाडौं, फोनः ४३८४८३२, ४३८४८३३



**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**वीरेन्द्रनगर, सुर्खेत**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०७९/१०/१८**

यस आयोजनाबाट प्रकाशित तपसिल ठेक्कामा तपसिलका बमोजिमको बोलपत्रदाताबाट न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका लागि निम्ति सम्बन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सात (७) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| क्र.सं. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नाम / ठेगाना | कबोल रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | FPIU/SURKHET/ WORKS/NCB/ 04/079/080 | Integrated Urban Infrastructure Development Works in Chaurjahari Municipality, Rukum West . | SHIVA SHAKTI – SAKURA J.V., New Baneshwor, Kathmandu. | 40,82,61,980.57 |

**आयोजना प्रमुख**



**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलम्ची, सिन्धुपाल्चोक**

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना**

**प्रकाशित मितिः २०७९/१०/१८**

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e–bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/GOODS/ NCB/2079-80/06 | SUPPLY & DELIVERY OF PIPE | M/S SOUTH ASIAN POLY PIPE IND PVT.LTD., Tinkune, Subidhanagar, Kathmandu | NRS. 2233343.3 |
| 2 | MMSI/WORKS/ NCB/2079-80/22 | Sindhukhola Giranchaur Mahabhir Sadak Upgrading Work. | M/S Golden Key Construction Balaju, 16- Kathmandu | NRS. 6473771.88 |

**प्रमुख प्रशासकीय अधिकृत**



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **Blue Link Placement Solution (P) Ltd** श्रम इजाजत पत्र न. १५४७/०७८/०७९ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.न. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | कमला खड्का | डकुमेन्टेसन | भोजपुर-११, भोजपुर | ०९-०१-७४-००३६९ |
| २ | अस्मिता अचार्जू | डकुमेन्टेसन | इटहरी न.पा.-५, सुनसरी | १००५/१६८२९४ |

**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD**
श्रम इजाजत नं. १५४७/०७८/०७९
एयरपोर्ट, काठमाडौं, नेपाल, फोनः ०१–५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | www:bluelinkplacement.com



**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **संयोग ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. ९७६/०६७/०६८ मा कार्यरत निम्न कर्मचारीहरुलाई यस कार्यालय बाट हटाइएको सम्बन्धीत सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरु सँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचना द्वारा सम्बन्धीत सबैमा जानकारी गराइन्छ र यदि सो गरे, गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि. वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| 1 | Kamal Prasad Sapkota | Document Office | 48125 |
| 2 | Sasta Maharjan | Officer | 40307 |
| 3 | Sajani Tamang | Office Helper | 271060/111599 |
| 4 | Narendra Aryal | Labour Representative | 41816 |

श्रम इजाजत पत्र नं. ९७६/०६७/०६८
**संयोग ओभरसिज प्रा. लि.**
तिनकुने, काठमाडौ ,नेपाल,फोनः ४११२३९८, ४११२३९९, फ्याक्सः४११२३९९
Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ए.वि.सी. ओभरसिज प्रा. लि.** (श्रम ईजाजत न.: ५०९/०६१/०६२) मा कार्यरत निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदी यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हेन छैन। साथै कुनै दाबी बिरोध भएमा (७) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १. | श्रीमती बन्दना जोशी | काभ्रे | १२२५४१ |

**ABC Overseas Pvt. Ltd.** श्रम ईजाजत न. ५०९/०६१/६२
Sambhu Marg, Sinamangal, Kathmandu, Ph. 4478783



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **शाल्मा ह्युमन रिसोर्सेज प्रा. लि.(१११११/०७३/०७४)** मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई यस कार्यालयबाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरुसंग यस प्रा.लि. को नाममा बैदेशिक रोजगार सम्बन्धित कुनै पनि कार्य नगर्न/नगराउनु हुन सम्बन्धित सबैको सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि कसैले यो सूचना प्रकाशित भएपछि पनि कुनै कार्य गरे गराएमा यस प्रा.लि.को जिम्मेवारी नहूने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। साथै कुनै दाबी बिरोध भएमा ७(सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| क्र.स. | नाम | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १ | दिपक तामाङ्ग | बाडेगाउ-२, सिन्धुपाल्चोक | १४९०५० |
| २ | रुबी लम्साल | टिकापुर-९, कैलाली | ६७२०३७/६०१७ |
| ३ | बिमला पाण्डे | बिर्घाअर्चले-४, स्याङ्गजा | ४२२०२५/३९५ |
| ४ | सोनी तामाङ्ग | मेलुङ्ग-६, दोलखा | २७-०१-७५-११३५६ |
| ५ | सुजिता बर्सिला | गोरखा न.पा.-१३, गोरखा | ४४-०१-७५-०५३७२ |

Gov. Lic. No. 1111/073/74
**Shalma H.R. Overseas Pvt. Ltd.**
Gaushala, KTM. Phone:- 4479525, 4479526

गो.हु.का.द.नं. ३३/०६९/०७०

१८ माघ २०७९, बुधबार
1 February 2023, Wednesday

### सरकारले खर्च कटौती गर्ने

# राज्यको साढे २४ अर्ब बचत हुने

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, १७ माघ ।

अर्थ मन्त्रालयले देशको आर्थिक अवस्थालाई मध्यनजर गर्दै सरकारको आन्तरिक खर्च कटौती गर्ने निर्णय गरेको छ । मन्त्रालयले मंगलबार १४ बुँदे निर्देशिका जारी गर्दै सरकारको वित्त सन्तुलन कायम राख्न खर्च कटौती गर्ने निर्णय गरेको हो । अर्थले सबै मन्त्रालयको चालु तथा अनिवार्य बाहेकका खर्च रोक्ने निर्णय गरेको छ । मन्त्रालयको निर्णयले चालु आर्थिक वर्षमा राज्यको २४ अर्ब ५० करोड रुपैयाँ बचत हुने विज्ञप्तिमा उल्लेख छ । चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त हुन सकेन । राष्ट्रसेवकको तलब, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनमा खर्च बढ्न गएको मन्त्रालयको भनाइ छ । आन्तरिक ऋणको ब्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसँग कमजोर हुँदा वैदेशिक ऋणको सावाँ तथा ब्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन जाने अवस्था सिर्जना भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिब ९० अर्ब रुपैयाँ ऋणात्मक छ ।

राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान गर्ने आयोजना तथा कार्यक्रम लगायतका अत्यावश्यक कार्यका लागि स्रोतको व्यवस्थापन गर्न आवश्यक देखिएको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा




राजस्व संकलन कम हुँदा प्रदेश तथा स्थानीय तहको अनिवार्य दायित्वको व्यवस्थापन गर्न समेत थप स्रोत व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

मन्त्रालयका अनुसार मन्त्रिपरिषद्को बैठकबाट भएको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्णय समेतको आधारमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ (१) मा भएको व्यवस्था बमोजिम खर्च कटौति गर्ने निर्णय गरिएको हो ।

अर्थले संघीय सरकारको सबै मन्त्रालय / निकायको स्वीकृत बजेटको इन्धन, मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन, सेवा र परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मुल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेशिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स निर्मित भवनको संरचनात्मक सुधार तथा पुँजीगत सुधार खर्च लगायतका खर्च शीर्षकमा २० प्रतिशत खर्च कटौति गर्ने निर्णय गरेको छ ।

अर्थ मन्त्रालयको पूर्व स्वीकृति बिना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने र नयाँ दरवन्दी पनि थप नगर्ने भएको छ । दरवन्दी भन्दा बढि कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भएमा अस्थायी दरवन्दी स्वीकृत गरी मात्र गर्ने । चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ संगठन स्थापना नगर्ने मन्त्रालयले जनाएको छ ।

नेपाल सरकारको स्रोत तर्फका सवै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने र फर्निचर र नयाँ सवारी साधन खरीद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने निर्णय भएको मन्त्रालयले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । नेपाल सरकारको स्रोतमा नेपाल सरकारको प्रतिनिधित्व गरी अनिवार्य रुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति अनिवार्य रुपमा लिने र अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरवाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने सचेत गराईएको छ ।

चालु आर्थिक वर्षका लागि चालु खर्च तर्फ स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी नेपाल सरकारको स्रोत तर्फ हाललाई रकमान्तर नगर्ने पनि मन्त्रालयको निर्णय छ । सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने र गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिने निर्णय गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल सरकारको स्रोतमा विनियोजित निर्मित भवनको संरचनात्मक सुधार खर्च र पूँजीगत सुधार खर्च हाललाई स्थगन / रोक्का गरिने भएको छ । कार्यक्रम खर्च अन्तर्गत विनियोजन भएका तर शुरुवात नभएका कार्यक्रम रोक्का गर्ने र चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने मन्त्रालयको योजना छ । उल्लेखित निर्णय सवै विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, वोर्ड लगायत सवै सार्वजनिक संस्थानमा समेत लागू हुने मन्त्रालयले जनाएको छ । चालु तर्फको खर्चमा अनिवार्य दायित्व वाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरुलाई पनि अनुरोध गर्ने मन्त्रालयले निर्णय गरेको छ ।

# अन्तर्राष्ट्रिय बजारमा जगदम्बा स्टील्स जस्तापाताको माग बढ्यो

**काठमाडौं / मस –** नेपालको पहिलो स्वचालित स्टील उत्पादन गर्ने कम्पनी जगदम्बा स्टील्स जगदम्बा सुपर शाइन र जगदम्बा ग्याल्भा प्लसको माग अन्तर ाष्ट्रिय बजारमा बढेको कम्पनीले जनाएको छ । जगदम्बा सुपर शाइन र जगदम्बा ग्याल्भा प्लस, ५५ प्रतिशत एलुमिनियम, ४३.५ प्रतिशत जिंक र १.५ प्रतिशत सिलिकन मिश्रित कोटिंग समावेश भएको जस्तापाता हो । यी तत्वले जस्तापाताको सुरक्षासँगै उत्पादनको आयु र स्थायित्व बढाउने कम्पनीको भनाइ छ । 'रिईन्फोर्समेन्ट टीएमटी रिबारदेखि स्ट्रक्चरल र तार उत्पादनसम्मका स्टील उत्पादनमा दुई दशकभन्दा बढी उपलब्धिहरूसहित जगदम्बा स्टील्सले नेपालको विकासको एक हिस्सा बन्ने र नेपालको स्टीललाई विश्वव्यापी मञ्चमा प्रस्तुत गर्ने परिकल्पना जारी राखेको छ', कम्पनीले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।




कम्पनीले आफ्ना उत्पादनको उत्कृष्ट गुणस्तर मार्फत उपभोक्ताहरुलाई सन्तुष्टि प्रदान गर्नु प्रमुख प्रतिबद्धता र प्राथमिकता रहेको पनि जनाएको छ । 'हाम्रा प्रत्येक उत्पादनको गुणस्तर सुनिश्चित गर्न उच्च प्रविधि, उत्कृष्ट इन-क्लास निर्माण प्लान्टहरूमा निर्मित हुन्छन् । यस शुभ अवसरमा, हामी हाम्रा उत्पादनहरू र ब्रान्डहरूप्रति ग्राहकवर्गले दिएको अटुट माया र समर्थन प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं', ग्राहकप्रति कृतज्ञता व्यक्त गर्दै कम्पनीले भनेको छ ।

'ग्राहकहरूको माया र समर्थनले हामीलाई तेस्रो देशमा निर्यात शुरु गर्ने नेपालको पहिलो कम्पनीको रूपमा स्थापित गरेको छ र हामी त्यसलाई निरन्तरता दिनेछौं', जगदम्बा स्टील्सका प्रवक्ताले भने, 'हाम्रो कम्पनी उत्पादनहरुको उत्कृष्ट गुणस्तरमा प्रतिबद्ध छ र यो बेन्चमार्कले हामीलाई भविष्यमा पनि हाम्रा उपभोक्ताहरूलाई उत्कृष्ट उत्पादनहरू प्रदान गर्न प्रोत्साहन गरेको छ ।

# नेशनल लाईफको ब्रान्च म्यानेजर कन्फरेन्स सम्पन्न

**काठमाडौं / मस –** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी तीन दिने ब्रान्च म्यानेजर कन्फरेन्स सम्पन्न गरेको छ । 'इन्टिलेक्चुअल ग्रोथ' भन्ने नाराको साथ संचालन गरिएको कन्फरेन्समा १५० जना भन्दा बढिको सहभागिता रहेको थियो । चालु आर्थिक वर्षकको बाँकी अवधिको व्यवसायिक खाका कोर्ने उदेश्यले कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको सभापतित्वमा सम्मेलन आयोजना गरिएको थियो ।

कम्पनीका शाखा प्रमुख एवं मार्केटिङ कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले सम्पन्न




गरिएको उक्त कार्यक्रममा जीवन बीमा व्यवसायसँग सम्बन्धित वर्तमान अवस्था बारे ब्रिफिङ गरिएको थियो । सीइओ खत्रीले बीमा व्यवसाय प्रतिस्पर्धात्मक र जटिल हुँदै गइरहेको स्थितिमा आफ्नो दक्षता, मेहनत र आपसी समन्वयबाट कम्पनीको व्यवसायिक लक्ष्य हासिल गर्न सहयोग गर्न अनुरोध गरेका थिए ।

कार्यक्रममा कम्पनीका सहायक महाप्रवन्धक प्रज्वल सायमीले केन्द्रीय कार्यालयबाट सम्पन्न गरिने विभागीय काम कार्यवाहीमा शाखा कार्यालयको भूमिकाको बारेमा प्रस्तती दिएका थिए । यस्तै, कार्यक्रममा अन्तर्राष्ट्रिय प्रशिक्षक तरुण ओझाले व्यक्तित्व विकास सम्बन्धमा र प्रोडक्ट मिक्सिङका प्राविधिक पक्षहरुको बारेमा प्रशिक्षण दिएका थिए ।

## गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झापा, १ न. प्रदेश, नेपाल

### गौरादह नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**